# महानारद जातक

(नेपाली भाषा)



अनुवादिकाः

**वीर्यवती**

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन
## (नेपाली भाषा)

१. बौद्ध दर्शन
२. पन्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचारा स्थविर चरित
६. बुद्ध शासनको इतिहास (भाग - १)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी (प्र. सं.)
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास (भाग - १)
१६. बौद्ध विश्वास (भाग - २)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मूखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको कथा
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र. सं.)
३०. बुद्ध पुजा विधि र कथा संग्रह (प्र. स.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त (पाली भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूमि नेपालमा बुद्ध प्रति असहिष्णुता
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग - १)
४३. मिलिन्द प्रश्न (भाग - २)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४६. महास्वप्न जातक
४७. बुद्ध पूजा विधि र कथा संग्रह (द्वि. सं.)
४८. बौद्ध ध्यान
४९. बौद्ध विश्वास (भाग - ३)
५०. बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
५१. लक्ष्मी (द्वि. सं.)
५२. सम्यक शिक्षा
५३. परित्राण (द्वि. सं.)
५४. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५५. बुद्ध पूजा विधि कथा संग्रह र परित्राण
५६. बुद्ध पुजा विधि र परित्राण
५७. बुद्ध पुजा विधि
५८. लक्ष्मी (तृ. सं.)
५९. बुद्धको शिक्षात्मक उपदेश
६०. शान्ति मार्ग
६१. पहिलो गुरुको हुन् ?
६२. क्षान्ति र मैत्री (प्र. सं.)
६३. दान पारमिता
६४. बुद्धको संस्कृति र महत्व
६५. बोध कथा र बौद्ध चरित्र
६६. मिलिन्द प्रश्न भाग - १ (तृ. सं.)
६७. संक्षिप्त बुद्ध वंश भाग-१ (द्वि. सं.)
६८. चिरं तिट्ठतु सद्धम्मो
६९. मिलिन्द प्रश्न भाग-२ (द्वि. सं.)
७०. संक्षिप्त बुद्ध वंश भाग-२ (प्र. सं.)
७१. संक्षिप्त बुद्ध वंश भाग-२ (द्वि. सं.)
७२. महास्वप्न जातक (तृ. सं.)
७३. बुद्ध पुजा विधि र कथा संग्रह (तृ. सं.)
७४. चित्त शुद्ध भए जीवन उज्ज्वल हुने छ
७५. प्रौढ बौद्ध कक्षा र लक्ष्मी
७६. नक्कली देवता
७७. आमा बुबाको सेवा
७८. बुद्धको मूल उपदेश
७९. शाक्यमुनि बुद्ध
८०. मणिचुड जातक
८१. मानिसलाई असल बनाउने बुद्ध शिक्षा
८२. क्षान्ति र मैत्री (द्वि. सं.)
८३. मति राम्रो भए गति राम्रो हुन्छ (तृ. सं.)
८४. बुद्ध शासनको इतिहास प्रथम भाग (द्वि. सं.)
८५. माता पिताको गुण र बुद्धको सही बाटो
८६. बौद्ध प्रश्नोत्तर
८७. बालोपयोगी सचित्र बुद्ध जीवनी (द्वि. सं.)
८८. संक्षिप्त बुद्ध जीवनी
८९. बुद्धको चमत्कार
९०. सल्लेख सुत्र
९१. महानारद जातक (प्र.सं.)

## Dharmakirti Publication (English)

1. Buddhist Economics and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmkirti Vihar
4. "Dharmakirti in Nut Shell"
5. Dhamma and Dhammawati
6. Paritta Suttas

Downloaded from http://dhamma.digital

# महानारद जातक

(नेपाली भाषा)

लेखकः

भदन्त आनन्द कौशल्यायन

अनुवादिकाः

**वीर्यवती**

Downloaded from http://dhamma.digital

प्रकाशक :
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
धर्मकीर्ति विहार, श्रीघः, नघल टोल
काठमाडौं ।
फोनः ४२५९४६६

बुद्ध सम्वत् : २५५१
नेपाल सम्वत् : ११२८
विक्रम सम्वत् : २०६४
इस्वी सम्वत् : २००८

प्रथम संस्करण : १५०० प्रति

कम्प्यूटर :
सर्मिला मल्ल

मुद्रक :
**नील सरस्वती छापाखाना**
लाजिम्पाट, काठमाडौं
फोनः ४४३३०५४

Downloaded from http://dhamma.digital

जन्म:
१९७१ श्रावण
कृष्णपक्ष अष्टमी



मृत्यु:
२०५९ मार्ग
कृष्णपक्ष बालाचतुर्दसी

## स्व. अष्टमान महर्जन

जन्म:
१९७१ साल



मृत्यु:
२०२० साल चैत्र
कृष्णपक्ष अनलागा षष्टमी

## स्व. बेखामाया महर्जन

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# धर्मदान

स्वर्गवास हुनुभएका हाम्रा बुबा अष्टमानको सम्झनामा यो महानारद जातक धर्मदान गर्न पाएकोमा हामी ज्यादै हर्षित छौं । धर्मदान गरी प्राप्त भएको पुण्यको प्रभावले स्वर्गवास हुनुभएका हाम्रा बाजे रत्नमान, बज्यै ज्ञान थकुं, बुबा अष्टमान, आमा बेखामाया लगायत अन्य सबै स्वर्गवासी महर्जन परिवारलाई सुख शान्ति एवं निर्वाण पद लाभ होस् भन्ने कामना गर्दैछौं ।

धर्मदान गर्ने महर्जन परिवारका सदस्यहरू:-

छोरा न्हुच्छेमान महर्जन    छोरा रत्नबीर महर्जन.
बुहारी कान्छी महर्जन    बुहारी धनमाया महर्जन

छोरीहरू : दानमाया र अष्टमाया

नातीहरू:-
देवरत्न
सिद्धिरत्न
अमीर
चन्द्रबीर

नातिनीहरू:-
रत्नदेवी
रजनी
रेनु

Downloaded from http://dhamma.digital

# हाम्रा बुबाज्यू अष्टमानको गुणानुस्मरण

हाम्रा बुबा पहिला देखि नैं ज्ञानगुणका कुराहरू सुनी ब्राह्मण, वज्राचार्यहरूलाई दान दक्षिणा दिई उहाँहरूबाट ज्ञानगुणका कुराहरू सुन्न रुचाउनु हुन्थ्यो। आफुले सुनी आएका ज्ञानका कुराहरू घरमा आफ्ना छोराछोरीहरूलाई सुनाउँदै ज्ञान सिकाउने गर्नुहुन्थ्यो। यसरी नै विशेष गरी उहाँ अष्टमीको दिन अष्टमीब्रत पालन गरी श्री करुणामयको पूजा आराधना गर्नु हुन्थ्यो।

विक्रम सम्बत् २०२० साल चैत्र महिनामा हाम्रो आमा बेखामाया स्वर्गवास हुनुभयो। वि.सं. २०२१ सालमा दो. गुणवती, दो. धम्मवती र दो. रत्नमञ्जरी गुरुमांहरू वर्माबाट नेपाल फर्कनु भयो। त्यसपछि त हाम्रा बुबा अष्टमानले उहाँ गुरुमांहरूबाट बुद्ध शिक्षामा आधारित धर्मदेशना सुन्ने गर्नथाल्नु भयो। अनि त उहाँ झन् बुद्ध, धर्म, संघ प्रति दृढ चित्त हुनुभई आफ्ना छोरा छोरीहरूलाई पनि बुद्ध शिक्षा सिकाउने गर्न थाल्नुभयो। यसरी बुद्ध शिक्षालाई श्रद्धा पूर्वक पालन गर्नुहुँदै हाम्रो बुबाले माछा, मासु, लगायत मद्यपान समेत त्याग्नुभयो। ठाउँ-ठाउँमा चैत्य र श्री करुणामयको मूर्तिहरू पनि स्थापना गर्नुभयो। हरेक कार्तिक शुक्ल पक्ष

Downloaded from http://dhamma.digital

अष्टमीको दिन नटुटाईकन अष्टशील पालन गरी आफ्ना छोराछोरीहरूलाई समेत अष्टशील पालन गर्न लगाउनु हुन्थ्यो। दिनहुं घरमा ध्यान भावना गर्ने गर्नुहुन्थ्यो। यसरी असल ज्ञान गुणका कुराहरूलाई अभ्यास गरिरहनु भएको फलस्वरुप उहाँ वि. सं. २०५९ मंसीर १७ गतेका दिन कुनै कष्ट बिना बुद्ध, धर्म, संघ र करुणामय स्मरण गर्नुहूदै स्वर्गवास हुनुभयो।

अब हामी उहाँका छोरा, छोरी, बुहारी, नाती, नातिनीहरू सबै बुबाको गुणानुस्मरण गर्दै, बुद्ध, धर्म, संघ र श्री करुणामय प्रति श्रद्धा अर्पण गर्दैछौं। यही पूण्यको प्रभावले दिवंगत हुनुभएका बुबा अष्टमान र आमा बेखामायाको सुख शान्ति र निर्वाण सुख प्राप्त होस्। साथै हामी सबै परिवारले पनि निर्वाण सुख लाभ गर्न पाऔं भनी कामना गरिरहेका छौं।

Downloaded from http://dhamma.digital

# बौयागु गुण

पार गथे जुये बौ यागु गुणनं
सेवा याय् मफु जिनं थ्वपापी मननं ॥ धुँ ॥

१) मांनं जितः जन्म बिल ज्ञान धैगु छुंहे मस्यू
काय् म्ह्याय् पिं स्यनी धका गुलि धन्दा कयादिल
ब्रह्मा ज्ञान मती तयाः स्यनें कने याःम्ह बौया
सेवा याय् मफु जिनं थ्व पापी मननं ।
पार गथे जुये बौ यागु गुणनं ॥ धुँ ॥

२) अनाथ अज्ञानी, जुयका जि जन्म जुया
अथे थथे मसियाव, ख्वया जक जुयारे
जितः कयाः घय् घय् पुनाः स्याहार याना जूम्ह बौया
सेवा याय् मफु जिनं थ्व पापी मननं ।
पार गथे जुये बौ यागु गुणनं ॥ धुँ ॥

३) नयं त्वने पुनेगु तोताः माया फुक्कजित बियाः
करुणानं बिलि बिलि जायका स्यने कने याना बी

Downloaded from http://dhamma.digital

थःयात न्ह्यागु हे जूसां स्याहार याना वंम्ह बौया
सेवा याय् मफु जिनं थ्व पापी मननं ।
पार गथे जुये बौ यागु गुणनं ॥ धुँ ॥

४) छथु निथु मुसु वई म्हय् ज्यू मदेक धन्दा काई
उखे थुखे ब्वाँय् ब्वाँय् जुयाः डाक्टर वैद्य केना बिई
गन कनां दर्शन याय् जिं थथिं न्याम्ह बौ यागु
सेवा याय् मफु जिनं थ्व पापी मननं ।
पार गथे जुये बौ यागु गुणनं ॥ धुँ ॥

५) न्यादं उमेर दसेंनिसें आखः ब्वंके थाले याई
ल्हाःजोनाः आखः ब्वंकाः मसःगु फुक्क स्यना बी
सय्के सीके याःगु खनाः लय् लय् ताःम्ह बौया
सेवा याय् मफु जिनं थ्व पापी मननं ।
पार गथे जुये बौ यागु गुणनं ॥ धुँ ॥

६) बाल उमेर फुना वनेवं ज्ञान गुण स्यना हई
ज्ञान गुण सःगु खनाः हर्षनं याना जुई
विवाह कर्म फुक्क धुंकाः लय् लय् ताया च्वंम्ह बौया

Downloaded from http://dhamma.digital

सेवा याय् मफु जिनं थ्व पापी मननं।
पार गथे जुये बौ यागु गुणनं ॥ धुँ ॥

७) जिगु निम्ती धन्दा काकां उमेर नं धल्के जुल
ल्हा:तुति सिथिल जुय्का: सनेसाने मफय्का
अले छ्गुं भरेधका: भर का:म्ह बौ यागु
सेवा याय् मफु जिनं थ्व पापी मननं।
पार गथे जुये बौ यागु गुणनं ॥ धुँ ॥

८) थ्व अनमोल चोला हानं लिपा दई मखु
माँ, बौ या सेवा याय्गु अमूल्यगु गुण रे
माया मोह जाले लाना: सेवा याय् मफु जिनं
आ:गथे याय् दैव वेर थन फुईन रे
पार गथे जुये बौ यागु गुणनं ॥ धुँ ॥

☆

Downloaded from http://dhamma.digital

# बुद्ध–धर्म प्रार्थना

१ त्रिरत्न याके शरण वना भी,
निर्वाण पदबि लाय्मा याकनं ।

२ दानया पुण्यं लोभ मदेमा,
शीलया पुण्यं द्वेष मदेमा,
भावनाया जोरं मोह मदेमा,
दान शील भावना बृद्धि याये फयेमा ।

३ थ्व संसार धैगु दुःखयागु खानी,
दुःख फुकेयात जुयेमाल ज्ञानी
संसार चक्रं छुटे जुया वनेत,
चतुरार्य सत्य खंका च्वने फयेमा ।

४ मिथ्या दृष्टिपिंगु सङ्गत मज्वीमा,
सम्यक दृष्टि कुले जक जन्म ज्वीमा,
न्ह्याथाय् जन्म काय्मा न्ह्यागुजुनी ज्वीमा,
बुद्धया धर्मे दृढचित्त ज्वीमा ॥

Downloaded from http://dhamma.digital

५ अन्धविश्वासे गुबलें मलाय्मा,
शुद्धगु मार्गय् ब्वाँय् वने फय्मा।
न्ह्याथाय् जन्म जूसां धर्म पासा फुकं,
मिले चले ज्वीमा बायाच्वने म्वालेमा॥

६ अत्याचार बृद्धि जुयावैगु बखते,
पापीपिंगु पुचले जन्म जुये म्वालेमा॥
थुम्ह हे बुद्धया शासन दुबले,
शुद्धगु मार्ग व फल लाय् फय्मा॥

७ मफुसा मैत्रिय बुद्ध जुयेवं,
मनुष्य धायेका जन्म काय् दय्मा।
वसपोलयागु धर्म ज्वना भ्की,
उगुहे जन्मे निर्वाण लाय्मा ॥

★

## जय नमो श्री

जय नमो श्री बुद्ध भगवान लुम्बिनी बनस बिज्याक॥
ब्रह्मानं बैं पुय्का, सरस्वतीनं बसा लाय्का
अलंकापुरया जुजु कुबेरनं धन द्रव्य लाय्का बिज्यात
॥ १ ॥

Downloaded from http://dhamma.digital

वायु देवनं ध्वजा बोयेका, अग्नि देव नं धूप थनका,
बरुण नाम नागराजानं जलधारा हायूका बिज्यात ॥ २ ॥

महादेवनं दमरू थायूका
नारायणं शंख पुयूका
जन्मराजानं दण्ड जोनकाव
लँछिनकाव बिज्यात ॥ ३ ॥

इन्द्रनं छत्रनं कुयूका
भिक्षु गणं च्वामोलं गायूका
आकाशनं स्वानवा गायूकाव
आनन्द रसनं बिज्यात ॥ ४ ॥

नैऋत्य ज्ञानकर
दक्व लोक सहितनं
शेषनागया म्हसं बिज्यानाव
पूजा फयाव बिज्यात ॥ ५ ॥

वन गज रत्न साल्
श्री सुरेन्द्र महाराज
ल्हाकम्ह अनाथ जन
गुरुयाके शरण ॥ ६ ॥

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

प्रस्तुत पुस्तक "महानारद जातक" दिवंगत उपासक अष्टमान महर्जनको पूण्य स्मृतिमा उहाँका छोरा रत्नविर महर्जन प्रमुख स-परिवारबाट प्रकाशन गरिएको हो। नेपाल भाषामा पहिला पनि प्रकाशन भइसकेको यस पुस्तकलाई अझ बढि संख्याका पाठक वृन्दहरूले पनि बुद्ध शिक्षा बुझ्न सकोस् भनी नेपाली भाषामा प्रकाशन गर्नको लागि प्रकाशक दाताहरूले अनुरोध गर्नु भएनुसार यस पुस्तकलाई वीर्यवती गुरुमांले नेपाली भाषामा रुपान्तर गरिएको हो। बुद्ध शिक्षा प्रचार प्रसार गर्ने लक्ष लिनुभई आफ्ना दिवंगत माता पिताहरूको गुणानुस्मरण गरी पूण्य कार्य गर्नुहुने दाता परिवारको आयु आरोग्य निरोगी एवं उन्नति अभिवृद्धि कामना गर्दै यस पुस्तक प्रकाशन गरिएको छ।

पुस्तक अध्ययन गर्नु भएनुसार पाठकवृन्दहरूले आ-आफ्नो जीवनमा बुद्ध शिक्षा अभ्यास गर्नुभई मनुष्य जीवन सफल पार्न सकुन् भन्ने कामना रहेको छ। समयमा नै पुस्तक प्रकाशन गरिदिनुभई उचित सहयोग पुऱ्याइदिनु भएकोले नील सरस्वती छापाखानालाई धन्यवाद ज्ञापन गर्दछु।

भिक्षुणी धम्मवती
शासन धज धम्माचरिय
अग्ग महागन्थवाचक पण्डित
अध्यक्ष
धर्मकीर्ति विहार श्रीघः नःघः काठमाडौं नेपाल

मितिः २०६४ चैत्र

Downloaded from http://dhamma.digital

# महानारद काश्यप जातक

"अहु राजा विदेहानं .............."

यो गाथा भगवान् बुद्धले उरुबेल काश्यपलाई दमन गर्नु भएको विषयमा लट्ठीवन नाम गरेको उद्यान (बगैंचा) मा रहनुहुँदा आज्ञा हुनु भएको हो ।

## भइरहेको घटना (वर्तमान कथा)

सिद्धार्थ गौतमले बुद्धत्व लाभ गरिसक्नु भएपछि धर्म चक्र प्रवर्तन पनि गर्नु भयो । त्यसपछि उरुवेल काश्यप आदि तीनजना जतिल ऋषिहरूलाई पनि दमन गर्नु भयो । उहाँले मगधका राजा विम्बिसारलाई दिइराख्नु भएको वचन पूरा गर्नका लागि हजार जना जतिलहरू संग लट्ठिवन बगैंचामा आइरहनु भएको थियो । त्यसबेला राजा विम्बिसार बाह्र लाख (वारह नियुत्त) परिषदहरू साथमा लिई त्यहाँ आइपुग्नु भएको थियो । अनि उहाँले



Downloaded from http://dhamma.digital

दशवलधारी बुद्धलाई प्रणाम गरी एक छेउमा बस्नुभयो । मगध राजाका परिषद भित्रका ब्राह्मण र गृहपति (साहुमहाजन) हरूको मनमा अनेक तर्कना उत्पन्न हुन थाल्यो । "के हो यो ! उरुवेल काश्यप महाश्रवण बुद्ध समक्ष ब्रह्मचर्य आचरण (प्रव्रजित) हुनुभएको हो कि बुद्ध स्वयम् उरुवेल समक्ष प्रव्रजित हुनुभएको ? यो कुरो (उनीहरूको मनमा उठेका शंका) को विषयमा थाहा पाउनु भएका भगवान् बुद्धले उरुवेल काश्यप आफु कहाँ (बुद्ध समक्ष) प्रव्रजित हुनुभएको कुरा प्रष्ट पार्नका लागि प्रश्न सोध्नु भयो – "हे उरुवेल वासि ! हे तपस्याका समर्थक ! तिमीले के विचारमा आफ्नो अग्नि - होत्र (होम गर्ने कार्य) त्याग गरेको र कसरी त्यो काम छुटेको ?"

उक्त स्थविरले पनि भगवान बुद्धको प्रश्न बुझी उत्तर दिनुभयो - "यज्ञ (होम) ले रुप, शब्द, रस र काम - भोगका साधन स्त्रीहरू प्राप्त हुन्छन् भनिन्छ, तर मैले यी सबैलाई चित्त (मन) का मयल भनी बुझिसकें । त्यसैले कुनै पनि कामना (इच्छा) को लागि गरिने यज्ञ होममा मनलाई कतिपनि आनन्द (सुख) प्राप्त हुँदैन ।" यति उत्तर दिइसके पछि उरुवेल काश्यपले "आफु (बुद्धको) शिष्य हुँ" भन्ने भाव



Downloaded from http://dhamma.digital

प्रष्ट्याउनका लागि तथागतको पाऊ ढोगी भन्नुभयो – "भन्ते ! भगवन् । हजुर मेरा शास्ता हुनहुन्छ । हामी सबै हजुरका शिष्यहरु हौं ।" त्यसपछि एउटा, दुइटा गर्दै सातवटा ठूलठूला रुखहरू (ताड्ग: सिमा) को उचाई बराबरको अग्लो हुनुभई सातपटकसम्म आकाशमा उभिनुभई तथागतलाई प्रणाम गर्नुहुँदै एकातिंर बस्नुभयो । यस्तो अद्भूत दृष्यलाई देखी जनताहरूले शास्तालाई प्रशंसा गर्दै भन्न थाले "अहो ! बुद्धको कस्तो प्रताप ! आफुले आफैलाई अरहत भनी ठानिरहेका, आफ्नै विचारमा दृढ रहने उरुवेल काश्यपलाई उसको मतलाई खण्डन गर्नुहुँदै तथागतले आफ्नो वशमा लिनुभयो ।" उनीहरूको यस्तो कुरा सुनि तथागतले यसरी आज्ञा हुनुभयो "म सर्वज्ञ भएर यसलाई (उरुवेल काश्यपलाई) दमन गरेको विषयमा आश्चर्य मान्नुपर्ने केही छैन । पहिला म नारद नाम गरेको ब्रह्मा भएर जन्म लिई रागी (तृष्णामा अल्झि - राखेको) भइराखेको अवस्थामा त यसको मतलाई खण्डन गरी यसलाई जितेको थिएँ ।" यति भन्नुहुँदै परिषद्हरूले प्रार्थना गरेको कारणले उहाँले पूर्व जन्मको घटना यसरी बताउनु भयो -



Downloaded from http://dhamma.digital

## पहिलोको घटना (अतीत कथा)

पहिला विदेह राष्ट्रको मिथिलामा अङ्ग नाम गरेको राजाले धर्मपूर्वक राज्य गरिरहेका थिए । उनकी अग्रमहिषी (वडा महारानी) को तर्फवाट एउटी पुत्री थिइन्, रुजा नाम थियो उनको । उनी ज्यादै हिसि परेकी र ज्यादै सुन्दरी थिइन् । हजारौं कल्पदेखि पूण्य संचय गरेर आएकी थिइन् उनीले । राजाको अरु सोन्ह हजार रानीहरूको तर्फबाट एउटा पनि सन्तान लाभ हुन सकेका थिएनन् । त्यसैले राजालाई रुजा ज्यादै मन परेकी थिईन् । राजाले उनीलाई सजाउनका लागि पच्चिसवटा फूलका ढक्कीहरू र असल एवं राम्रा कपडा र लुगाहरू दिनहुँ पुऱ्याइन्थ्यो । खाने, पिउने, चीजवीजहरूको त हिसाबै थिएन । दान पूण्य कार्य गर्नका लागि दुई हप्तामा एक हजार रकम दिन पठाइन्थ्यो ।

राजाका विजय, सुनाम र अलात नाम गरेका तीन जना अमात्य (मन्त्री) हरू थिए ।



Downloaded from http://dhamma.digital

चातुर्मासिक कौमुदुनिको दिन त्यस देशमा ठूलो उत्सव मनाइएको थियो । त्यस दिन देश र दरवार आकर्षक ढंगले सजाउन दिई आफूपनि नुहाई गहना र लुगाले सजाई बेलुकाको खाना खान सिध्याई राजा दरबारको फराकिलो कौशीमा आफ्ना मन्त्रीहरूसंग बसिरहेको थियो । त्यसबेला नीलो सफा आकाशमा चन्द्रमा चम्किरहेको देखी राजाले मन्त्रीहरूसंग सोध्यो –

"मन्त्रीहरू ! आजको चन्द्रमा (चम्किराखेको) कस्तो चहकिलो छ । यस्तो अवस्थामा को संग संगत गरे राम्रो हुन्छ होला ? "

राजाको यस प्रश्नलाई उत्तर दिंदै अलातले भन्नथाल्यो- "हाम्रा सबै सेनाहरूसंग घोडा, हात्तीहरू भएकाले उनीहरू वलवान् छन् । त्यसैले महाराज ! आफ्नो यो अनन्त बल देखाउनका लागि युद्ध गर्न जाऔं । कुन देश हाम्रो वशमा आएका छैनन् । त्यसलाई वशमा लिनुछ हामीले । कुन प्रदेश जितेका छैनौं, त्यस प्रदेशलाई जित्नु पर्छ भन्ने मेरो विचार छ महाराज ।"

अलातको यस्तो कुरो सुनी सुनामले भन्यो - "महाराज ! तपाईंका सबै शत्रुहरू हाम्रो वशमा आइसके,



Downloaded from http://dhamma.digital

तिनीहरू सबै शस्त्र अस्त्र त्यागी शान्तपूर्वक रहेका छन् । आजको यो उत्सव दिन ज्यादै राम्रो रहेको छ । युद्ध गर्ने जस्तो कार्य मलाई मन पर्दैन । त्यसैले मिठा मिठा खाना खान र पिउनका लागि छिट्टै लिन पठाउनुस् । आज तपाईं नृत्य र संगीत जस्ता काम भोगमा रमाउनुस् ।" सुनामको यस्तो कुरो सुनी विजयले भन्नथाल्यो– "महाराज । हजुरका लागि काम भोगका सम्पूर्ण सामग्री सधैं पूर्ति भइर हेका नै छन् । काम भोग गरी मोज गर्ने कार्य हजुरको लागि कुनै दुर्लभ कार्य होइन सधैं उपभोग गरिरहेकै हो । त्यसैले मेरो विचार यसतर्फ चाहिं छैन । हामी कुनै एक वहुश्रुत (जान्ने बुझ्ने) धर्मको अर्थ थाहा पाएका, हाम्रो मनका शंका निर्मुल गर्न सक्ने श्रमण ब्राह्मणको सङ्गत गर्न जाऔं ।"

विजयको कुरो सुनी राजा अङ्गले भन्न थाल्यो –

"विजयको विचार संग मेरो पनि सहमति रहेको छ । त्यसैले तिमीहरूले पनि विचार गर्नु कुन पण्डित कहाँ जान उचित होला ? जसले हाम्रो शंका निर्मुल पार्न सक्नेछन् ।" राजाको वचन सुनी अलातले विन्ति गऱ्यो - "मृगदाय (मृगदावनमा) धीरवान् अचेल



Downloaded from http://dhamma.digital

(नांगो) साधु एकजना छ । सुनिन्छ त्यो एकदम महान् ऋषि हो । काश्यप जातका विचित्र तरिकाले ज्ञानका कुराहरू बुझाउन सक्ने खालका हुनुहुन्छ उहाँ । भो राजन् ! हामी त्यही ऋषि कहाँ जाऔं ।" उसको यो कुरो सुनी राजाले सारथिलाई रथ तयार पार्ने आज्ञा हुन थाल्यो ।

रथ तयार गरेर ल्याइयो । हात्तीको दन्तले बनाइएको, चाँदीको किनारा राखिएको सेतो, उज्ज्वल र सफा देखिने रथ थियो त्यो । घाँटीमा सुवर्ण माला पहिरिएका हावाको वेगमा दौडिन सक्ने चारवटा सेता सिन्धव घोडाहरूले उक्त रथलाई तान्न लगाइएको थियो । सेतो छाता (छत्र), सेतो रथ, सेता घोडाहरू सेतो पंखा समाइरहेका अमात्यहरूसंग राजाको शोभा चन्द्रमा जतिकै उज्ज्वल देखिन्थ्यो । खड्ग समाइरहेका वलवान घोडा चढेका थुप्रै सैन्यहरूले राजाको अगाडी पछाडी साथ दिइरहेका थिए । केही अगाडी बढिसकेपछि रथवाट ओर्ली अमात्यहरू संग राजा आजीवक (साधु) समक्ष पैदल नै हिंडेर पुगे । त्यहाँ पहिला नै पुगिरहेका ब्राह्मण आदि अन्य व्यक्तिहरूलाई राजाले नफर्काइकन राखिछोड्यो । अनि नरम आसनमा एकतर्फ बस्दै आजीवक संग कुशल



Downloaded from http://dhamma.digital

बार्ता गरी राजाले सोध्यो – "भन्ते । तपाईंलाई सञ्चै छ ? भोजन राम्ररी प्राप्त भइराखेको छ ? शरीरमा कुनै रोग त छैन ? आँखाले राम्ररी देश्न सकिराख्नु भएको छ ?" राजाको प्रश्न सुनी आजीवकले उत्तर दिन थाल्यो – "महाराज ! भोजन आदिको सुविधा पनि प्राप्त भइरहेको छ, सञ्चै पनि छ । हे विदेह राजा ! तिम्रो देशमा कुनै अशान्ति त छैन होइन ? रथमा बसी आएको बेला कुनै कष्ट त भएन ? सञ्चै त छ होइन ?" आजीवकको यस्तो प्रश्न सुनी राजाले सबै ठीकठाक छ भनी उत्तर दिंदै धर्म र ज्ञानको विषयमा यसरी प्रश्न राख्न थाल्यो - "हे काश्यप ! आमा बुबाप्रति मानिसहरूले कस्तो धर्म आचरण (कर्तव्य) पालन गर्न पर्दो रहेछ ? गुरु, स्त्री, पुत्र, पुत्री आदिप्रति आफुले कस्तो व्यवहार गर्नुपर्छ ? आफूभन्दा जेठो ब्यक्तिहरू, श्रमण ब्राह्मणहरूलाई कसरी आदर सत्कार गर्नुपर्दो रहेछ ? सेनालाई कसरी काममा लगाउनु पर्छ ? देशवासीहरूलाई कसरी व्यवहार गर्नुपर्दो रहेछ ? कस्तो धर्म आचरण गरियो भने मानिसहरू स्वर्गलोक पुगिन्छ ? र कस्तो कार्य गरिएको फलस्वरुप मानिसहरू नर्क पतन हुन्छन् ?"



Downloaded from http://dhamma.digital

राजाको यस प्रकारको प्रश्न सुनी आजीवक अकमक्क पर्न थाल्यो । उसले ठीक तरिकाले यी प्रश्नहरूको उत्तर दिन नसकी ढाकछोप गर्दै आफ्नो मिथ्या (गलत) मत (सिद्धान्त) लाई वयान गर्न थाल्यो -"धर्म आचरणले, त कुनै पनि राम्रो नराम्रो फल आउने होइन । परलोक भनेको पछि छैन । त्यहाँबाट यहाँ आउने व्यक्ति को छ र ? पूर्खा भनेको नै छैन भने आमा बुबा कहाँबाट हुन्छन् ? जब गुरुहरू नै हुने छैन भने असंयत (बसमा राख्न नसकिने) लाई संयतमा (बसमा) राख्ने व्यक्ति को ? सबै प्राणीहरू बराबर छन् । ठूला र साना भन्ने भेदभाव छैन । न कुनै "बल" छ न "विर्य" नै । अनि पुरुष पराक्रम (वीर्य) भन्ने कहाँबाट हुन्छ ? जसरी डुंगाको पहिलो चुच्चो गएको ठाउँमा पछिल्लो चुच्चो पनि जाने हो, त्यसरी नै सबै प्राणीहरू पनि "नियति" (स्थिरता) को पछाडी लागिरहन्छन् । जुन व्यक्तिलाई जे प्राप्त हुनुपर्ने हो, त्यो प्राप्त भइरहेको नै हुन्छ, त्यसमा दानको फल कहाँबाट आउँछ ? दानको फल पनि छैन, दानदिने व्यक्तिहरूले बाध्यतामा परी दिइराखेका छन् । मूर्खहरूले दान दिनुपर्छ भनिरहन्छन्, पण्डितहरूले दान लिइरहन्छन् । आफुले आफैलाई पण्डित भनी



Downloaded from http://dhamma.digital

ठान्ने मूर्खले कारकापमा परी धीर पुरुष (संयमी व्यक्ति) हरूलाई दान दिने गर्छन् ।"

यसरी दानको निष्फलता विषयमा वयान गरि सकेपछि पापको फल नभएको विषयमा वयान गर्न थाल्यो - "अग्नि, माटो (पृथ्वी), पानी, हावा, सुख, दु:ख, र जीव (प्राणी) — यी सातवटा तत्वहरू शाश्वत हुन्, काट्न नसकिने, अविकोप्य (नबिग्रने) तत्वहरू हुन् । यसलाई काट्न सक्ने व्यक्ति कोही पनि हुँदैनन् । न यसलाई नाश गर्ने व्यक्ति नै कोही हुन्छ, न गर्न नै सक्दछ । शस्त्र अस्त्र त यसको वीचमा घुमी रहने गर्छ । जसले धारीलो तरवारले अर्काको टाउकोमा प्रहार गर्छ, उसले पानी, आगो, हावा, आदिलाई प्रहार गरेको होइन । अनि पापको फल कहाँबाट आउँछ ? चौरासी महाकल्प सम्म संसारमा घुमेपछि मात्रै सबै आफसेआफ शुद्ध भएर जानेछन् । त्यो समय भन्दा पहिला संयत पनि शुद्ध हुने छैन । थुप्रै पूण्य कार्य गरेपनि त्यो समय नआएसम्म कोही पनि शुद्ध हुन सक्दैन । अनि थुप्रै पापकर्म गरेपनि त्यो भन्दा बढि वस्न पर्नेछैन । चौरासी महाकल्प नाघ्ने वित्तिकै हामी आफसे आफ, शुद्ध हुनेछौं । जसरी समुद्रले आफ्नो



Downloaded from http://dhamma.digital

किनारालाई नाघ्न सक्दैन, त्यसरी नै हामीले पनि नियति (प्रकृति) लाई नाघ्न सक्दैनौं ।"

यसरी उसले "उच्छेदवाद" लाई आफ्नो बुद्धिले भ्याएसम्म बयान गरे । उसको कुरा सुनी अलात मन्त्रीले भन्यो – "उहाँले जे भन्नुभयो त्यही कुरामा मेरो पनि सहमति रहेको छ । मलाई आफ्नो पूर्वजन्मको कुरा थाहा छ । पहिला म पिंगल नाम गरेको (कसाईं) थिएँ । मैले त्यो जन्ममा राँगो, वंगूर, बाखा आदि थुप्रै प्राणीहरू मारी पापकर्म गरेर आएको छु । तर त्यहाँबाट मृत्यु भई हाल म सेनापतिको कूलमा जन्म लिएँ । निश्चय पनि पापकर्मको फल छैन । म नर्क गइन ।"

यस्तो कुरा चलिरहेको अवस्थामा त्यहाँ उपोसथ ब्रत (अष्टशील) पालन गरिरहेका बीजक नाम गरेको गरीब दास एक जना पनि बसिरहेको थियो । उनीहरूको कुरा सुनी उसले तातो श्वास फेर्दै आखाँबाट आँसु झार्न थाल्यो । उसलाई देखी राजाले सोध्न थाल्यो–

"हे ! तिमी किन रोएको ? तिमीले के देख्यौ र सुन्यौ ? तिमीलाई के पीडा भयो ?" राजाले सोधेको कारणले उसले विस्तारै उत्तर दिन थाल्यो –

"महाराज ! सुन्नुहोस् – मलाई केही पीडा भएको छैन । मैले पनि आफ्नो पूर्वजन्मको कुरा थाहा



Downloaded from http://dhamma.digital

पाएको छु । पहिला म साकेतमा जन्मेको थिएँ । त्यो बेला मेरो नाम भावसेट्ठी थियो । म एकदम गुणी र दानी पनि थिएँ । मलाई ब्राह्मण, गृहस्थी सबैले मान सत्कार राख्दथे । मैले पवित्र जीवन बिताइरहेको थिएँ । मैले एउटा पनि पापकर्म गरेको सम्झना छैन । त्यहाँबाट मृत्यु भइ म अहिले पानी ओसार्ने नोकर्नीको कूलमा जन्म लिएँ । फलस्वरुप मैले साह्रै नराम्ररी जीवन गुजारीरहेको छु । यस्तो अवस्थामा पनि मैले सबैलाई समान व्यवहार गर्ने विचारले जसलाई चाहिन्छ उसलाई आफ्नो भागको आदि हिस्सा भात दिइराखेको छु । मैले कसैलाई मारेको छैन । कसैको चोरेर लिएको पनि छैन । पूर्णिमा, चःह्रे, आदि पर्व दिनहरूमा अष्टशील पालन गर्दै आइरहेको छु । तर यी सबै सदाचारका फलहरू केही छैनन् । मैले पनि अहिले अलातले भने जस्तै बुझ्न थालें कि यो शील पालन गर्नुको केही मतलब रहेनछ । जसरी खेल्न नजान्ने व्यक्ति जुवाबाट हारिने हो, त्यसरी नै म पनि हारिरहेको छु । तर अहिले जुवा खेल्न जान्ने व्यक्तिले जिते जस्तै मैले पनि जित्न सकें । मैले सुगतिमा जाने बाटो नदेखिराखेको थिएँ त्यसैले काश्यपको कुरा सुनी म रोएको थिएँ ।"



Downloaded from http://dhamma.digital

दुवैजनाको कुरा सुनेका राजाले बीजकको कुरा सुनिसकेपछि भन्नथाल्यो–

“बीजक ! सुगतिको अर्को बाटो छैन । सुख, दुःख त “नियति” बाट प्राप्त हुने भएकोले पछि सबै शुद्ध भइहाल्छ, नियतिलाई पर्खने गर, हतार मान्न पर्दैन । म पनि आजसम्म ब्राह्मण र गृहस्थीहरूको काममा अल्मलिरहेको छु, मुद्दाको फैसला गरिरहेको छु । यति समयावधि भित्र त म काम भोगको तर्फबाट अलग्ग, बाहिर नै रहेको छु ।”

त्यसपछि विदा माग्दै उसले भन्नथाल्यो – “भन्ते काश्यप ! यतिका समय मैले प्रमादमा रही खेर फालें । तर अब मलाई गुरु प्राप्त भयो । अबदेखि म काम भोगमा डुब्ने भएँ । तिम्रो धर्मोपदेश सुन्ने कार्य पनि पछि मात्र गर्नेछु । तिमी बस म जान्छु । यदि संयोग मिले पछि भेट्ने छु ।” अघि आउँदा आजीवकलाई प्रणाम गरी आउने राजाले अहिले फर्कने बेला त्यस आजीवकको अवगुणको कारणले प्रणाम पनि नगरीकन फर्क्यो ।

त्यस राती वितिसकेपछि विहानी पख राजाले मन्त्रीहरू बोलाई आज्ञा हुनथाल्यो –

“मेरो लागि काम भोगका साधनहरूको व्यवस्था गर । भन्नु हुने वा भन्न नहुने जुनसुकै कुरा पनि



Downloaded from http://dhamma.digital

मलाई भन्न नआउनु । तिमीहरू तीनजना मन्त्रीहरू न्याय छिन्ने काममा पोख्त छौ । त्यसैले यी कार्यहरू तिमीहरूले नै सम्पन्न गर्नु । आजदेखि म कामभोगमा मात्र भुल्ने गर्छु ।"

त्यसपछि आफूले भने जस्तै राजा कामभोगमा मात्र भुली केही पनि काम गरेन ।

यसको चौध दिन पछि राजाकी मनपरेकी छोरी रुजाले आफ्नी सेविकालाई भनिन् –

"मलाई र मेरा साथीहरूलाई छिटो गहना र लुगाले सजाइदेउ । भोली दिब्य पूर्णिमा हो, म राजाकहाँ जान्छु" यति भन्ने वित्तिकै अनेक प्रकारका फूलका माला, गहना, लुगा आदि ल्याई उनीहरूलाई सिंगारियो । अनि आफ्ना साथीहरूसंगै रुजा चन्दन प्रसाद (दरबार) मा गइन् । राजाको समक्ष पुगेपछि प्रणाम गरी सुनको आशनको संगै बसिन् । अप्सराहरू जम्मा भए जस्तै जम्मा भइरहेका केटीहरूको माझमा बसिरहेकी रुजालाई देख्ने वित्तिकै राजाले सोध्न थाल्यो–

"तिमीलाई दरबारमा रमाइलो लाग्यो ? पुष्करिणी (फुल फुलिरहेको पोखरी) मन पर्‍यो ? तिमीलाई मीठा मीठा खाना खुवाउन ल्यायो ? तिम्रा साथीहरूसंग बगैंचामा खेल्न गएनौं ? तिमी किन



Downloaded from http://dhamma.digital

यसरी दुःखी देखिएकी ? हे हिसीले सम्पन्न भएकी (छोरी) ! तिम्रो के इच्छा छ भन । बुबाको बचन सुनी रुजाले भनिन् –

"महाराज ! हजुरको कृपाले मलाई सबै भरि पूर्ण छ। भोली पूर्णिमाको दिन भएकोले मलाई एकहजार रुपैंया जरुरी भएको छ, याचकहरूलाई दान दिनको लागि ।" रुजाको कुरा सुनी राजाले भन्न-थाल्यो –

"तिमीले थुप्रै धन बेकारमा सिध्द्यायौ । दिनहुँ उपोसथशील पालन गरी खानपिन पनि त्यागिरहेकी छौ । तिमी नियतिको बसमा रहने गर्नु । खाना नखाइकन बस्दैमा केही पूण्य प्राप्त हुने होइन ।"

उनले फेरि भन्न थाल्यो –

"त्यो वेला काश्यपको कुरा सुनी वीजकले तातो श्वास फेर्दै आँखाबाट आँसु झारेको थियो । हे रुजा ! जब सम्म तिमी बाँचिरहने छौ, तब सम्म खाना नत्याग्नु । परलोक भनेको छँदै छैन । बेकारमा तिमीले आफूलाई किन कष्ट दिइरहेकी ?"

आफ्नो पूर्व जन्मको कुरा थाहा पाएकी सुकोमल रुजाले विदेह राजाको यस्तो कुरा सुनी भन्न थालिन् -

"पहिला मैले सुनिराखेको मात्र थिएँ । तर



Downloaded from http://dhamma.digital

आज आफैले देखें, कि मूर्खको संगत गर्ने पनि मूर्ख नै भएर जाने रहेछ। महामूर्ख त झन् महामुर्ख (मूढ) नै भएर जाँदो रहेछ। त्यसैले त्यो अलात र बीजक बढि मूर्ख भएको त ठीकै छ। भो पिता ! हजुर त प्रज्ञावान हुनुहुन्छ, धर्मको अर्थ थाहा पाउनु भएको नै हुनुहुन्छ। तर मूर्खहरूले जस्तै मिथ्या मतलाई तपाईंले कसरी स्वीकार्दै हुनुहुन्छ ? यदि संसारमा मानिसहरू आफसे आफ शुद्ध हुन सक्ने हो भने आजीवक आदि व्यक्तिहरूको प्रव्रज्या निरर्थक नै हुनेभयो नि। यस्तो विचार गर्ने अज्ञानीहरूले कर्मफललाई दोष दिइराख्छन्। यसरी गलत तरिकाले बुझिराखेको कारणले तिनीहरू जहिलेपनि पराजित भइराख्छन्, कहिले पनि विजयी बन्न सक्दैनन्। यस्ता व्यक्तिहरूलाई उनीहरूको मिथ्या धारणाबाट अलग्ग पार्ने कार्य माछाको घाँटीबाट काँडा झिक्न कठिन भए जस्तै कठिन हुन्छ।"

रुजाले यति भनेर पनि नपुगेर फेरि अर्को उदाहरण दिन थालिन् –

"महाराज ! हजुरको राम्रो कामना गर्दै फेरि अर्को उपमा दिंदैछु। कोही कोही पण्डितहरुलाई उपमा दिंदै पनि बुझाउन सकिन्छ। जसरी थुप्रो भार भएको



Downloaded from http://dhamma.digital

व्यापारीहरूको जहाज धेरै गन्हौं भएको कारणले समुद्रमा डुबिन्छ, त्यसरी नै अलिकति मात्र पापकर्म गर्ने व्यक्ति पनि त्यस पापकर्मको भारले गर्दा नरकमा पटन हुन्छन् । भो राजा ! अलातको पापकर्मको भार अहिले सम्म त्यति गन्हौं भएको छैन । उसले आफ्नो पापकर्म संगाल्दै बसेको छ, जुन पापकर्मले मानिसहरूलाई दुगर्तिमा लानेछ । हाल अलातले भोग्न पाइरहेको सुख उसको पुरानो पुण्यकर्मको फल हो । तर अहिले उ खराब अकुशल कर्मको बीउ रोप्ने बाटो तर्फ लम्किरहेको छ । जसरी तराजुको एकातर्फ मात्र कुनै भारिलो चीज बस्तु राखिदियो भने तराजुको डण्डी उतैतर्फ ढल्किने गर्छ, त्यसरी नै अलि अलि मात्र गरेर भएपनि पूण्य सञ्चय गर्ने व्यक्तिले स्वर्गको कामना गरिरहने बीजक दासले जस्तै कुशल (राम्रो) कार्य तर्फ अल्मलिरहने गर्छ । त्यस बीजकले अहिले दु:खको अनुभव गरिरहेको छ । त्यो उसको पहिला गरेर आएको पापकर्मको फल हो । अहिले त्यस पाप-कर्म हट्दै गइरहेको छ । त्यसैले उ सदाचारमा लागि रहेको छ । हे पिता ! हजुर काश्यपको संगतमा परी कुमार्गमा नलाग्नुस् ।”

त्यसपछि कुसंगतको दोष र सत्संगतको गुण



Downloaded from http://dhamma.digital

बयान गर्दै भन्नथाल्यो –

"राजन ! मानिसहरूले असल र खराब सदाचारी र दुराचारी जुनसुकै संगत गरेपनि ऊ त्यही संगतको बसमा पर्ने हुन्छ । जस्तो व्यक्तिको संगत गर्छ, उसले त्यही संग घुलमिल गर्नेछ जसरी वीष लागेको वाण राखिएको भाँडोमा रहेका अन्य वाणहरूमा पनि विष सर्दै जान्छ । यस्तो हुन नदिन बुद्धिमान व्यक्तिहरूले पापीहरूको संगतलाई त्यागि दिनु पर्दछ । जसरी कुनै व्यक्तिले दुबो (घाँस) को टुप्पोले भएपनि कुहिएको माछा समात्दा त्यस दुबो (घाँस) नै गन्हाउने गर्छ । मूर्खको संगत गर्दा पनि यहि गति हुनेछ । जुन व्यक्तिले श्रीखण्डलाई पलाँसको फूलले समात्दछ, त्यसको पातमा नै श्रीखण्डको बासना आउने हुन्छ । त्यसरी नै बुद्धिमान व्यक्तिहरुले पनि आफूलाई असल एवं पण्डित बनाउनका लागि असल व्यक्तिहरुको नै संगत गर्नुपर्छ । खराब व्यक्तिहरूको संगतले दुगर्तिमा परिन्छ भने .असल व्यक्तिहरूको संगतले सुगतिमा परिन्छ ।"

यति भनिसकेपछि उक्त राजकन्याले आफ्नो पूर्वजन्मको कुरा बताउन थालिन्– "मैले आफ्नो सात जन्म अगाडि र पछाडिको कुरा थाहा पाएकी छु । भो



Downloaded from http://dhamma.digital

महाराज ! सातौं जन्ममा म मगधको राजगृहमा सुनार भई जन्म लिएँ । (त्यो जन्ममा) म खराब व्यक्तिहरूको संगतमा परी थुप्रै पापकर्महरू गरें । देवताहरूले जस्तै अर्काकी स्त्रीहरूसंग संसर्ग गर्दै हिंडें । मेरो उक्त कर्म खरानीले छोपिएको मधुरो आगो जस्तै हुनपुग्यो । मेरो अर्कै एक कर्मले म "वंस" देशमा अति धनी सेठको कूलमा एक्लो छोरो भई जन्में । त्यसैले मलाई थुप्रै व्यक्तिहरूले आदर गौरब राख्दथे । त्यहाँ एक ज्ञानी, पण्डित, असल साथीको संगतमा परी औंसि, पूर्णिमा, आदि पर्व दिनहरूमा उपोसथ पालन गरें । तर मेरो यो कर्म पानीभित्र लुकिराखेको भण्डार जस्तै भईरह्यो । मगधमा गरेको पाप कर्मको फलले पहिला पछि लाग्यो । त्यहाँबाट मृत्युभई रौरव नरकमा थुप्रै समयसम्म रहन पर्‍यो । त्यहाँबाट छुटेर भेण्णाकट भन्ने स्थानमा भारी बोक्ने भेंडाको रुपमा जन्में । त्यो बेला मन्त्रिहरूका छोराहरूलाई बोकी गाडामा राखी तान्न पर्थ्यो । यी सबै परस्त्री गमनको फल हो । त्यसपछि बाँदर भई जन्मेको बेला जन्मिएकै दिनमा अण्डकोष टोकाएर झिकाउन परेको थियो । त्यसपछि दशार्णव देशमा गोरु भई जन्मेको बेला पनि अण्डकोष झिकाउन लगाई वैलको रुपमा जीवन विताउनु पर्‍यो ।



Downloaded from http://dhamma.digital

त्यसपछि मात्र बल्ल तल्ल दुर्लभ मनुष्यको रुपमा जन्मिए तापनि नपुंसक भई जीवन विताउनु पऱ्यो। यी सबै पर स्त्री गमनको नै फल हो। त्यसपछि कौशाम्बिमा गरेर आएको कुशल कर्मको फलस्वरुप नन्दन बनमा इन्द्रको सेविका भई जन्मिएँ। त्यसरी नै अर्को पाँच वटा जन्म सम्म देवलोकमा इन्द्रले नै आदर गौरव एवं मान सत्कार गराई रहन पाएँ। तर स्त्रीत्वले मुक्त हुन सकिएन। अहिले पनि स्त्री नै भएँ। तर यहाँबाट पछि म देवपुत्र भई जन्मिने छु। त्यसैले मानिसहरूले गर्ने कर्मफल असंख्य जन्म सम्म पछ्याउँदै आइनै रहन्छ। चाहे त्यो राम्रो कर्म फल होस् वा नराम्रो कर्मफल।"

यसपछि उपदेश दिनुहुँदै भन्नुभयो–

"जसको सधैं पुरुषको रुपमा मात्र जन्म लिने इच्छा हुन्छ, उसले खुट्टा सफा पारिसकेको व्यक्तिले सधैं हिलोबाट अलग्ग रहन खोजे जस्तै परस्त्री गमन कार्यबाट सधैं अलग्ग रहन सक्नु पर्दछ। जुन महिलाको बारम्बार पुरुष भई जन्म लिने इच्छा हुन्छ, उसले इन्द्रकी सेविकाले पतिव्रता धर्म पालन गरे जस्तै आफ्नो पति प्रतिको पतिब्रता धर्म पालन गर्नु पर्दछ। जसको दिव्य-भोग, दिव्य आयु, यश र सुखको इच्छा



Downloaded from http://dhamma.digital

रहन्छ, उसले पापकार्यबाट टाढा नै रही त्रिविध (तीन प्रकारका) कर्म गर्न पर्दछ । जुन व्यक्ति अप्रमादी (बेहोशी नभई) रहन्छ, त्यस बुद्धिमानले शरीर, मन र वचनको तर्फबाट पुण्य कर्म गर्दछ, त्यो व्यक्ति महिला भए पनि उसले आफ्नो हित नै गर्दछ । यस जीवित संसारमा जतिपनि यशस्वी, ऐश्वर्यवान् प्राणीहरू छन्, तिनीहरू निश्चय पनि पहिला पहिलाको जन्ममा असल कार्य गरेर आएका नै हुन् । सबै प्राणी कर्मको अधीनमा रहेका हुन्छन् ।

भो पिता ! हजुरले एकपटक विचार गरेर हेर्नुस् त । यो हजुरको सुख, सुविधा कुन कर्मका परिणाम वा फल रहेछ ?"

यसरी रुजाले आफ्नो मूर्ख बुबा अंग राजालाई असल एवं ठीक मार्ग देखाइन् । रातभरि यसरी नै उपदेश दिंदै भनिन् –

"त्यस नांगा मिथ्या विचार भएको व्यक्तिको विचारलाई ग्रहण नगर्नुहोला । यो लोक पनि छ, परलोक पनि छ, असल र खराब कामको फल पनि छ, भनी मैले भनिरहेको यस कुरालाई स्वीकार गरिदिनुस् । बेकारका कुरामा नलाग्नुस् ।"



Downloaded from http://dhamma.digital

यसरी विभिन्न तरिकाले सम्झाउने कोशिस गर्दा पनि राजाको मिथ्या धारणालाई हटाउन सकिएन । राजा त आफ्नी छोरीको सुरिलो स्वर सुन्दै मुग्ध भएर रहनथाल्यो । आमा बुबा आफ्ना सन्तानको सुरिलो स्वर सुन्न एकदम उत्सुक हुन्छन् । तर आफ्नो मिथ्या मतलाई त्याग्न भने ज्यादै कठिन हुँदो रहेछ । देशभरि हल्ला फैलियो– राजकुमारीले राजालाई धर्म उपदेश दिई मिथ्या विचार हटाउन खोजेको खबर । त्यसैले सबै जनाताहरू खुशीले रमाइरहेका थिए । तर उनीले आफ्ना बुबालाई बोध गर्न असफल भएपनि हरेश नखाई दश दिशालाई नमस्कार गर्दै यसरी प्रार्थना गर्न थालिन् –

"यस लोकमा लोकलाई संरक्षण गरिरहेका धार्मिक श्रमण, ब्राह्मण, लोकपाल देवताहरू र महाब्रह्माहरू हुन्छन् । उनीहरू यहाँ उपस्थित हुनुभई आ–आफ्नो बलले मेरा बुबालाई उहाँको मिथ्या विचारहरू हटाइदिन प्रार्थना गर्दछु । उहाँसंग केही गुण नभएपनि मेरो गुण-बल र सत्यलाई विचार गर्नुहुँदै मेरो आग्रहलाई पालन गरिदिनु होस् ।"

त्यसबेला बोधिसत्व नारद नाम गरिएको एक महाब्रह्मा थियो । उनले आफ्नो, मैत्री, करुणा र



Downloaded from http://dhamma.digital

उदार भावनाले कुन प्राणी कसरी रहेको छ भन्ने विषयमा विचार गर्दै संसारतर्फ बराबर दृष्टि पुऱ्याउने गर्दो रहेछ। रुजाले यसरी लोकपाल देवताहरूलाई नमस्कार गरिरहेकी देखेर उक्त ब्रह्माले विचार गऱ्यो–

"म बाहेक अरु कसैले यस राजालाई बोध गर्न सक्दैन। त्यसैले त्यस राजकन्याको आह्वानलाई स्वीकार गरी राजा र उसका थुप्रै जनताहरूको कल्याण गर्नु पऱ्यो। मानिसहरूलाई प्रव्रजित व्यक्तिहरू मन पर्दछ। उनीहरूलाई आदर गौरब राख्ने गर्छन्। उनीहरुको वचन शिरोपर गर्छन्। त्यसैले प्रव्रजित भेषमा नै जानुपर्ला।"

यति सोची उसले एक राम्रो, हेर्दै रहर लाग्दो मानिसको रुप धारण गरी जटा बाँधी रातो वलकल वस्त्र लगाई, सुनको तारा जडी, चाँदी जस्तै सेतो जन्तुको छाला काँढमा ओढी, मोति जडिएको पहेँलो पात्र र कमण्डल लिई आकाशमार्गबाट आई राजाको सजिएको चन्द महाप्रासाद (दरबार) मा गई राजाको अगाडि गयो। उसलाई देखी रुजाले नमस्कार गरिन् राजा पनि आफ्नो आसनमा बस्न नसकी तल ओर्ली, उक्त ऋषिको नाम, जात र रहँदै आएको ठाउँ यसरी सोध्न थाल्यो–



Downloaded from http://dhamma.digital

"हे ऋषि ! तपाईं कहाँबाट पाल्नु भएको ? तपाईंको नाम के हो ? गोत्र (जात) के हो ? तपाईंलाई यहाँ कसरी चिन्ने ?"

त्यस ऋषिले यो राजाले परलोकलाई विश्वास गरेन । त्यसैले यसलाई परलोकको कुरा गर्नुपर्ला भन्ने विचार गर्दै भन्न थाल्यो –

"म देवलोकबाट आएको हुँ । मेरो नाम नारद हो । म काश्यप गोत्रको हुँ ।"

राजाले विचार गर्‍यो–

"परलोकको कुरा पछि मात्र गरुँला । अहिले यसको ऋषिको विषयमा पहिला सोध्नु पर्ला ।"

यति सोची राजाले प्रश्न गर्न थाल्यो–

"हे नारद ! तपाईंको रुप जसरी आश्चर्यपूर्ण रहेको छ, त्यसरी नै तपाईं आकाश मार्गबाट आउनुभयो । तपाईंको यो ऋद्धि कस्तो हो ?"

नारदले उत्तर दियो–

"सत्य धर्म, संयम र त्याग – यी मेरो स्वभाविक गुण हुन् । यही गुणलाई राम्ररी पालन गरिराखेकोले नै मैले आफ्नो मन जहाँ छ, त्यहीं मनोवेगले जानसकेको छु ।"



Downloaded from http://dhamma.digital

यो कुरा सुनी मिथ्या – दृष्टि र परलोकमा विश्वास नभएका त्यस राजाले भन्नथाल्यो –

"तपाईंले पूण्य गरी सिद्धि प्राप्त हुने विषयमा जुन कुरा गर्नुभयो, त्यो त एकदम आश्चर्यको कुरो भयो नि ? यदि त्यस्तै हो भने मैले तपाईंसंग केही कुरो सोध्छु, तपाईंले त्यसको उत्तर दिनुपर्नेछ ।"

नारदले भन्यो – "हे राजन् ! तपाईंलाई जुन विषयमा सन्देह भएपनि सोध्न सक्नुहुनेछ । मैले तपाईंलाई कारण सहित र ज्ञान सहितको उत्तर दिनेछु ।"

राजाले प्रश्न सोध्न थाल्यो –

"हे नारद ! मैले गर्ने प्रश्नलाई गलत उत्तर नदिनुस् । यस लोकले देवताहरू छन्, पुर्खाहरू छन्, र परलोक छ भनिराखेको छ । के ती कुराहरू सत्य हुन् ? "

नारदले जवाफ दिन थाल्यो –

"यो साँचो कुरो हो । काम भोगमा टाँसिरहेका मूर्खहरू मोहमा डुबिरहेको हुनाले मात्र उनीहरूले परलोक छ भन्ने कुरालाई बुझ्न नसकेका हुन् ।"

यो कुरा सुनी राजाले यस कुरालाई हँसीमा उडाउँदै भन्न थाल्यो –



Downloaded from http://dhamma.digital

"हे नारद । यदि मरिसकेका व्यक्तिहरू पर लोकमा जान्छन् भन्ने विश्वास रहेको छ भने अहिले मलाई पाँचसय रुपैयाँ दिनुस्, मैले तपाईंलाई पर लोकमा गइसकेपछि एकहजार रुपैयाँ दिनेछु ।"

यो कुरो सुनी बोधिसत्वले परिषद्को विचमा नै राजाको निन्दा गर्नुहुँदै उत्तर दिनुभयो–

"मैले तपाईंलाई पाँचसय रुपैयाँ दिनलाई कतिपनि हिचकिचाउँदिन । यदि तपाईं सदाचारी, उदार व्यक्ति हुनुभएको भए । तर जब क्रुर स्वभावभएका लोभी ब्यक्ति जुन व्यक्ति नरकमा जन्मनेछ, त्यस व्यक्तिसंग नरक लोक सम्म आई कसले एकहजार रुपैंयाँ फिर्ता माग्न आउने कष्ट गरि रहन्छ ? र कसले दिइरहन्छ ?

जुन व्यक्ति अधार्मिक (धर्म नभएको व्यक्ति) हुन्छ, दुराचारी हुन्छ, अलसी हुन्छ, प्रचण्ड स्वभावको हुन्छ, त्यस्ता व्यक्तिसंग पण्डित ज्ञानीहरूले कहिले पनि कुनै पनि चीज वस्तु सापटी दिने गर्दैनन्, किनभने त्यस्ता व्यक्तिहरूले सापटी लगेका कुनैपनि चीज वस्तु वा रकम फिर्ता दिने नै छैन । मानिसहरूले त्यस्ता व्यक्तिलाई मात्र जे पनि सापटी दिने गर्छ, र समयावधि पछि फिर्ता दिन आउनु भनी भन्ने गर्छ,



Downloaded from http://dhamma.digital

जुन व्यक्ति शिल्प विद्यामा पारंगत, उत्साही, सदाचारी एवं उदार व्यक्ति हुनेछ ।"

यसरी प्रष्ट रुपमा उत्तर दिएपछि राजालाई के गरुँ, कसो गरुँ भएछ । यतिकैमा जनताहरू रमाउँदै देश नै घन्किनेगरी आवाज उठाउन थाले – "यो ऋषि ज्यादै प्रतापि हुनुहुँदो रहेछ । आज यस राजालाई मिथ्या दृष्टिबाट मुक्त गरिदिने भयो ।"

बोधिसत्वको प्रतापले सात योजन (४ कोसको एक योजन) सहितको उक्त मिथिला नगरमा रहेका सबै जनताहरूले यो कुरो सुन्न पाए ।

बोधिसत्वले विचार गर्न थाल्यो– "यो राजाले मिथ्या दृष्टिलाई एकदम जोड टोडले समातिराखेको छ । यसलाई अब नरकको भय देखाइ, मिथ्या – दृष्टि छुटाई, देवलोकको विषयमा बताउनु पर्ला ।"

यति विचार गर्दै उनले राजालाई भन्यो– "महाराज ! यदि मिथ्या मतलाई त्याग गरिएन भने अनन्त दुःखरुपी घोर नरकमा जानुपर्ने हुन्छ ।"

यति भन्दै उनले नरकको व्याख्या गर्न थाल्यो - "हे राजन ! यहाँबाट परलोक जानेबेला तपाईंलाई काग, चील, गिद्धको समूहले थुँग्दै शरीर



Downloaded from http://dhamma.digital

भरि रगताम्य पार्नेछन् । त्यस्तो अवस्थामा एकहजार रुपैयाँको लागि कसले विचार गरिराख्छ ? त्यसरी नै लोकन्तर नरक, जहाँ अन्धो जस्तै अन्धकार हुनेछ, त्यहाँ चन्द्र र सूर्यको प्रकाश नै हुँदैन, रात र दिनको कुनै अत्तोपत्तो हुँदैन, त्यस्तो ठाउँमा आफ्नो सापटी फिर्ता लिनको लागि को आइरहन्छ ? यति मात्र होइन, मिथ्या दृष्टिहरू नरकमा खस्दा डरलाग्दा–डर लाग्दा कुकुरहरूले मासुका चोक्टा नै झिकेर रगतको भेल बगाइदिने गर्छन्, त्यस्तो ठाउँमा एकहजार रुपैयाँको लागि कसले धाइरहन्छ ? त्यहाँ पछि अर्को नरक – कालुपकाल – जहाँ दुराचारी व्यक्तिहरूलाई वाण, भाला आदिले शरीर नै वारपार हुने गरी हान्ने गर्छ । त्यति मात्र होइन त्यस्तो ठाउँमा नाना प्रकार का शस्त्र, आगो, ढुंगा आदिको बर्षा भइराख्छ, त्यस्तो ठाउँमा जाबो एकहजार रुपैयाँको लागि कुरा गर्न आउने को ? नरकमा त सहन नै नसक्ने गरी प्रचण्ड गर्मी हुन्छ । एक छिन पनि शीतल हुँदैन त्यहाँ । शरण पर्न लायक कुनै ठाउँ छैन त्यहाँ । त्यस्तो ठाउँमा एकहजार रुपैयाँ लिनको लागि को गइरहन्छ ? आगलागि भइरहेका जमीनमा दुराचारी व्यक्तिहरूलाई रथमा बाँधेर तान्दै लान्छ, लट्ठीले



Downloaded from http://dhamma.digital

हिर्काउँछ, त्यस्तो ठाउँमा रुपैंयाको लागि कस्ले वास्ता गर्न आउँछ ? ज्यादै डरलाग्दो धारिलो, दन दन आगो बलिरहेको पर्वत् चढ्न लगाउँदछ, त्यस्तो अवस्थामा आफ्नो शरीरमा पनि आगलागी भई आगोले पोल्ने हुन्छ, रगत बग्ने छ त्यस्तो ठाउँमा पैसा लिन आउने को ? पर पुरुष र पर स्त्री गमन गर्ने स्त्री एवं पुरुषहरूलाई यमदूतहरूले धेरै अग्लो रगत चुस्ने काँडा भएको रुख चढ्न लगाउँछ, त्यस्तै तरवार जस्तै धारीलो पात भएको रुख (असि – पत्र वृक्ष) चढ्न लगाउँछ शरीर भरि घाऊ नै घाऊ हुने गरी कष्ट भइरहेको त्यस्तो व्यक्ति संग एक हजार रुपैयाँ लिनको लागि को आइरहन्छ ?

त्यस्तो रुख भएको नरकबाट बाहिर आई वैतरणी नदिमा पुगेका त्यस व्यक्तिसंग आफ्नो रकम कसले लिन आइरहन्छ ? त्यो नदीमा चुच्चो परेका थुप्रै ढुंगाहरू हुन्छन्, पानी ज्यादै तातिरहने भएकोले त्यो नदी टर्न ज्यादै कठिन हुन्छ । त्यस्तो कठिन तरिकाले नदी पार गरिरहने अवस्थामा कसले आफ्नो सापटी रकम फिर्ता लिन आइरहन्छ ?"

बोधिसत्वको यस्तो नरक कथा सुनी राजा ज्यादै तर्सन थाल्यो । अनि उसले बोधिसत्वको शरणमा पर्दै भन्न थाल्यो –



Downloaded from http://dhamma.digital

"भो ऋषि ! तपाईंले भन्नुभएको कुरा सुनी म काट्दैगरेको रुख जस्तै थर थर काँप्न थालें । मेरो होश गुमेकोले ठीक मार्ग भेट्टाउन सकिन । म ज्यादै डराएँ । जसरी आगलागि हुँदा पानीको आवश्यक हुन्छ, बाढी आउँदा द्वीपको आवश्यक हुन्छ, अँध्यारो ठाउँमा प्रकाशको सहारा लिइन्छ , त्यसरी नै म पनि तपाईंको शरणमा आएको छु । हे ऋषि ! मैले थुप्रै पापकर्म गरिसकें । मलाई शुद्ध बन्ने उपाय बताइदिनुस् । धर्मको उपदेश दिनुहोस्, जसले गर्दा नरकमा जान नपरोस् ।"

यति भन्ने वित्तिकै बोधिसत्वले उसलाई ठीक मार्गमा लागेका पहिला पहिलाका राजाहरूको उदाहरण दिनुहुँदै शुद्ध बन्ने मार्ग बताउनु भयो –

"जसरी धृतराष्ट्र", विश्वामित्र, अट्ठक, जमदग्नि, उशीनर, शिवी आदिले सबै श्रमण ब्राह्मणहरूको सेवा गरेर गए, त्यसरी नै तपाईंले पनि अधर्मलाई त्यागी धर्माचरण गर्नु पर्‍यो । तपाईंको देश र टोल टोलमा मानिसहरूले अन्न हातमा राखी विहान र बेलुकी यसरी घोषणा गर्नुपर्‍यो –

"खान नपांउने कोही छ ? पिउन नपाउने कोही छ ? औषधी मूलो गर्नुपर्ने कोही छ ? राम्रा–



Downloaded from http://dhamma.digital

राम्रा लुगा लगाउन नपाउने नांगा व्यक्तिहरू कोही छन् ? कसैलाई जुत्ता चाहिन्छ ? बुढा व्यक्तिहरू र गोरुहरूलाई पहिला जस्तै काममा धेरै नजोताउनु । पहिला उनीहरूलाई जति सुबिधाहरू दिइएका छन्, अहिले पनि त्यतिकै सुविधा दिने गर्नु । किनभने उनीहरूले आफ्नो शरीरले भ्याए सम्म चाहिने जति काम गरेर आई सके ।"

यसरी राजालाई दानकथा र सदाचारको उपदेश दिइसकेपछि "यस राजालाई रथको उपमा दिंई अर्के उपदेंश दिनुपर्ला" भन्ने सोच्नुहुँदै उहाँले फेरि भन्नुभयो – "भो राजा ! तपाईंको शरीर रथ समान छ, हजुरका मन सारथि समान हो, अविहिंसा (हिंसा नगर्ने) असल अक्ष (धुरा) हुनेछ, अनि दान दिने कार्य रथको पर्दा हुनेछ । खुट्टाको संयम (आफ्नो अधिनमा राख्ने) नेमि (पांग्राको घेरा) हुनेछ, हातको संयम (पांग्राको किनारी) हुनेछ, पेटको संयम (तेल) हुनेछ, अनि बोलि बचनको संयम रथको सीधा स्वभाव हुनेछ । सत्य वचन रथको सम्पूर्णता हुनेछ, दोष रहित कुरा निर्दोषता हुनेछ, हातको संयम (पांग्राको किनारी) हुनेछ, पेटको संयम (तेल) हुनेछ, अनि बोलि बचनको संयम रथको सीधा स्वभाव हुनेछ । सत्य वचन रथको सम्पूर्णता



Downloaded from http://dhamma.digital

हुनेछ, दोष रहित कुरा निर्दोषता हुनेछ । मात्रा मिलाई कुरा गर्ने सम्बन्ध हुनेछ । श्रद्धा र निर्लोभको जस्तै शोभा हुनुपर्छ, अभिमान रहित एवं कोमल स्वभाव सहितको भई निहुरिएको बाँस जस्तै स्वभाव हुनुपर्छ । शील संयम जस्तो डोरीले बाँधिएको हुनुपर्छ । नरिसाउने खालको स्थीर स्वभाव हुनुपर्छ । धर्मरुपि सेतो छत्र (छाता) हुनुपर्छ, वहुश्रुत जस्तो ब्रेक (पांग्रा रोक्ने) हुनुपर्छ, स्थिर चित्त जस्तै स्वभाव हुनुपर्छ । काल ज्ञान (समयको ज्ञान) भएको चित्त हुनुपर्छ, वैशारद्य (दक्षता) जस्तो त्रिदण्ड हुनुपर्छ, शान्त भाव जस्तै जोत (घोडा र वग्गीमा बाँधिएको पेटी) हुनुपर्छ, अभिमान नभएको हलुको जुए (हल) हुनपर्छ । तालिम प्राप्त घोडा जस्तै आफ्नो वशमा रहेको मन (चित्त) असल एवं ठीक मार्गमा जाने छ । इच्छा र लोभ खराब बाटो हो भने संयम असल बाटो हो । हे राजन ! रुप, शब्द, गन्ध र रसको पछाडी डगुर्ने रथलाई छेक्ने प्रज्ञा हो, अनि आफु रथको सारथि हो । यदि यस शरीररुपि रथबाट सम्यक आचरण ठीक कार्य गरिन्छ, अनि चित्तलाई दृढ गरिन्छ भने निश्चय पनि नरकमा जानुपर्ने छैन ।”



Downloaded from http://dhamma.digital

यसरी धर्मोपदेश गरी, राजाको मिथ्या दृष्टिलाई हटाई, शीलमा प्रतिष्ठित गर्दै "अब देखि कुसंगत त्यागी, असल संगत गर्नु, जहिले पनि होश पूर्वक रहनु" भनि सल्लाह दिई, राजकन्या (रुजा) को गुण वर्णन गरी सबैलाई आवश्यकता अनुसार उपदेश दिइसकेपछि सबैले देखिने गरी आफ्नो स्थानमा फर्के ।

शास्ताले यस धर्मदेशना गर्नुभई भन्नु भयो –

"अहिले मात्र होइन, पहिला पनि मिथ्या दृष्टिको पर्दा च्याती उरुवेल काश्यपलाई दमन गरेको छु । त्यसबेलाको अलात अहिले देवदत्त हो । सुनाम भद्र हो, विजय सारिपुत्र हो, बीजक मोगल्लान हो । राजकन्या रुजा आनन्द हो । मिथ्या दृष्टि सहितका राजा उरुवेल काश्यप हो, बोधिसत्व महाब्रह्मा म आफै हुँ ।"

यसरी जातकको संग्रह गर्नुभयो ।

समाप्त



Downloaded from http://dhamma.digital

# विघ्नबाधा हटेजुइगु सुत्र

१. हेतु पच्चयो
२. आरम्मण पच्चयो
३. अधिपति पच्चयो
४. अनन्तर पच्चयो
५. समनन्तर पच्चयो
६. सहजात पच्चयो
७. अञ्ञमञ्ञ पच्चयो
८. निस्सय पच्चयो
९. उपनिस्सय पच्चयो
१०. पुरेजात पच्चयो
११. पच्छाजात पच्चयो
१२. आसेवन पच्चयो
१३. कम्म पच्चयो
१४. विपाक पच्चयो
१५. आहार पच्चयो
१६. इन्द्रिय पच्चयो
१७. झान पच्चयो
१८. मग्ग पच्चयो
१९. सम्पयुत्त पच्चयो
२०. विप्पयुत्त पच्चयो
२१. अत्थि पच्चयो
२२. नत्थि पच्चयो
२३. विगत पच्चयो
२४. अविगत पच्चयो
हो तीति

★



Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन
(नेपाल भाषा)

१ महासतिपट्ठान सूत्र
२. बुद्धया भिंनिगु विपाक
३. अभिधर्म (भाग - १)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. यःम्ह म्हयाय्
७. पञ्चनीवरण
८. भावना
९. एकताया ताःचा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि (प्र. सं.)
१३. मैत्री भावना
१४. कर्तव्य (प्र. सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा (भाग -१)
१९. बुद्धया अन्तिम यात्रा (भाग - २)
२०. कर्म
२१. बाखं (भाग - १)
२२. बौद्ध ध्यान (भाग - १)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अहिंसाया विजय
२८. बाखं (भाग-२)
२९. महास्वप्न जातक (प्र. सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म (भाग-२)
३२. बाखंया फल (भाग-१)
३३. बाखंया फल (भाग-२)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. बाखं (भाग-२) (द्वि. सं.)
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया बाखं पुचः
४२. पालिभाषा अवतरण (भाग-१)
४३. न्हापांयाम्ह गर सु ? (द्वि. सं.)
४४. पालि प्रवेश (भाग-१)
४५. पालि प्रवेश (भाग-२)
४६. चमत्कार
४७. बाखं (भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिधर्म (चित्तकाण्ड छगुया संक्षिप्त परिचय)
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ. सं.)
५३. चरित्र पुचः (भाग-२)
५४. बौद्ध ध्यान (भाग-२)
५५. शान्तिया त्वाथः
५६. बुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना (भाग-२)
५८. जातक माला (भाग -१)
५९. त्रिरत्न वन्दना व सूत्र पुचः
६०. चरित्र पुचः (भाग-२)
६१ त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना (भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं
६८. जातक माला (भाग-२)
६९. सर्वज्ञ (भाग-१)
७०. पालि प्रवेश (भाग-१,२)
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. धर्म मसीनि
७४. तेमिय जातक
७५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (प्र. सं.)

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन
(नेपाल भाषा)

७६. धम्मपद (श्लोकवद्ध)
७७. बाखँ (भाग-१)
७८. सप्तरत्न धन
७९. सर्वज्ञ (भाग-२)
८०. दान
८१. वम्मिक सुत्त
८२. मध्यम मार्ग
८३. महासिहनाद सुत्त
८४. भिंम्ह काय् व म्हचाय्
८५. भिक्षु जीवन
८६. समथं व विपश्यना संक्षिप्त भावना विधि
८७. महानारद जातक
८८. भिंम्ह मचा
८९. विवेक बुद्धि
९०. भ्रंग लाइम्ह लाखे
९१. बुद्धपूजा विधि (भाग-१)
९२. स्वास्थ्य लाभ
९३. शिक्षा (भाग-१)
९४. शिक्षा (भाग-२)
९५. दृष्टि व तृष्णा
९६. विपश्यना ध्यान
९७. सतिपट्ठान भावना
९८. बाखँ (भाग-६)
९९. धम्मचक्कप्पवत्तन सुत्तं (प्र.सं.)
१००. गौतम बुद्ध
१०१. नेपालय् २५ दँ जिगु लुमन्ति
१०२. बुद्ध व शिक्षा (क)
१०३. शिक्षा (भाग-३)
१०४. शिक्षा (भाग-४)
१०५. महा स्वप्न जातक (द्वि.सं.)
१०६. धम्मपद ब्याख्या (भाग-१)
१०७. धम्मपदया बाखँ
१०८. अभिधर्म (भाग-२) (द्वि.सं.)
१०९. संसारया स्वापू
११०. धम्मपद (मुल पालि सहित नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
१११. आदर्श बौद्ध महिलापिं
११२. बौद्ध नैतिक शिक्षा (भाग-१)
११३. वेस्सन्तर जातक
११४. निर्वाण (रचना संग्रह)
११५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (द्वि.सं.)
११६. पालिभाषा अवतरण (भाग-२)
११७. दीर्घायु ज्वीमा
११८. न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११९. मनूतय्गु पहः
१२०. संस्कृति
१२१. कर्तव्य (द्वि.सं.)
१२२. विशेष म्ह मफैवले पाठ यायेगु परित्राण
१२३. बुद्धया करूणा व ब्रह्मदण्ड
१२४. विरकुशया बाखँ
१२५. त्रिरत्न वन्दना व परित्राण
१२६. धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१२७. पट्ठानपालि
१२८. कर्म व कर्मफल
१२९. शिक्षा (भाग-५)
१३०. धर्मया ज्ञान (भाग-२)
१३१. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३२. संक्षिप्त बुद्ध वंश (भाग-२)
१३३. अभिधर्म द्वि.सं. (भाग-२)
१३४. अभिर्धम पालि
१३५. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३६. अनन्तलक्खण सूत्त (द्विं.सं.)
१३७. बुद्धपूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१३८. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१३९. धम्मचक्कप्पवत्तन सुत्त
१४०. बुद्ध वन्दना विधि व बुद्धया भिंनिगू विपाक
१४१. मनूतय्गुपह (द्वि. सं.)
१४२. प्रौढ बौद्ध कक्षा (द्वि. सं.)
१४३. न्हापाँयाम्ह गुरु सु ? व अमूल्यगु धन
१४४. बौद्ध स्तुती पुचः
१४५. त्रिरत्न वन्दना व परित्राण (च.सं.)
१४६. तिरतन वन्दना परित्त सुत्त
१४७. सूत्र पुचः
१४८. शाक्यमुनी बुद्ध
१४९. तृष्णा
१५०. त्रिरत्न वन्दना व परित्राण (द्वि. सं.)
१५१. त्रिरत्न वन्दना व परित्राण (तृ. सं.)

मुद्रकः नील सरस्वती छापाखाना लाजिम्पाट, काठमाडौं, फोन नं. ४४३३०५४

Downloaded from http://dhamma.digital